# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०६) पोखरा, फागुन २३ गते, २०८० साल (अतिरिक्ताङ्क २३

## भाग २

### मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

### गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) (दोस्रो संशोधन) आदेश, २०८०

**प्रस्तावना:** गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सरकारले देहायको आदेश जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस आदेशको नाम "गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) (दोस्रो संशोधन) आदेश, २०८०" रहेको छ।

(२) यो आदेश तुरन्त प्रारम्भ हुनेछ।

२. **<u>गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७८ को दफा ९ मा संशोधनः</u>** गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७८ (यस पछि "मूल आदेश" भनिएको) को दफा ९ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः

"(२) परिषद्को गठन देहाय बमोजिम हुनेछः-

(क) मुख्यमन्त्री - अध्यक्ष

(ख) प्रदेश सरकारका मन्त्रीहरु - सदस्य

(ग) प्रदेश सभाका संसदीय दलका नेताहरु - सदस्य

(घ) प्रदेश सभा समितिका सभापतिहरु - सदस्य

(ङ) राष्ट्रिय योजना आयोगका गण्डकी प्रदेश हेर्ने सदस्य - सदस्य

(च) प्रमुख सचिव - सदस्य

(छ) गण्डकी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष -सदस्य

(ज) प्रदेश नीति तथा योजना आयोगका सदस्यहरु -सदस्य

(झ) प्रदेश भित्रका जिल्ला समन्वय समितिका प्रमुखहरु मध्येबाट प्रदेश सरकारले मनोनित गरेका तीन जना -सदस्य

(ञ) प्रदेश मन्त्रालयका सचिवहरु -सदस्य

(ट) प्रदेश भित्रका स्थानीय तहका प्रमुख/उप-प्रमुख वा अध्यक्ष/उपाध्यक्ष मध्येबाट जिल्ला र भौगोलिक क्षेत्रको प्रतिनिधित्व हुने गरी प्रदेश सरकारबाट मनोनित ३३ जना -सदस्य

(ठ) प्रचलित कानून बमोजिम स्थापना भएका सङ्घ वा संस्थाका प्रतिनिधि र निजी क्षेत्र लगायत विभिन्न क्षेत्र, वर्ग र समुदायको प्रतिनिधित्व हुने गरी राष्ट्रिय जीवनमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिहरुमध्येबाट कम्तीमा एक तिहाई महिला सहित प्रदेश भित्रका प्रत्येक

जिल्लाबाट एक एक जना गरी प्रदेश सरकारबाट मनोनित १५ जना -सदस्य

(ड) आयोगका सचिव -सदस्य सचिव”

३. **मूल आदेशको दफा १० मा संशोधनः** मूल आदेशको दफा १० कोः-

(१) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः-

“(४) परिषद्को बैठकमा उपस्थित सदस्यहरुको बहुमतबाट निर्णय गरिनेछ।निर्णय प्रमाणित परिषद्का अध्यक्षबाट हुनेछ।”

(२) उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छः-

“(५) परिषद्को बैठक वर्षमा कम्तीमा एक पटक बस्नेछ।

(३) उपदफा (५) पछि देहायको उपदफा (६) थपिएको छः-

“(६) परिषद्को बैठक सम्वन्धी अन्य कार्यविधि परिषद्ले निर्धारण गरे बमोजिम हुनेछ।”

आज्ञाले,
तिर्थराज भट्टराई
प्रदेश सरकारको सचिव

मुद्रक : गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय। मूल्य रु १०।-